# आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम

आदरणीय गाउँसभाका सभाध्यक्ष ज्यू,
गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,
सभाका सचिव ज्यू,
राष्ट्रसेवक कर्मचारीहरु,
संचारकर्मीहरु,

विभिन्न माध्यम मार्फत हेरिरहनु भएका र सुनिरहनु भएका आदरणीय बैजनाथबासी दाजुभाइ तथा दिदीबहिनी एवम् सम्पूर्ण महानुभावहरू,

१. बैजनाथ गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले म यस सम्मानित गाउँसभाको २० औं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएकी छु।

२. यस गरिमामय अवसरमा सर्वप्रथम मुलुकको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि भएका जनआन्दोलन, जेन्जी आन्दोलन लगायतका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, सबै प्रकारका परिवर्तनका आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दै घाइते, बेपत्ता एवं पीडित परिवारहरूलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु।

३. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, सङ्घ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरूबाट निर्देशित हुँदै यसै सम्मानित गाउँसभाबाट स्वीकृत बैजनाथ गाउँपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी यो बजेट तर्जुमा गरिएको छ। नीति तथा कार्यक्रमको मूल मर्म र हाम्रो गौरवमय संकल्प "समृद्ध बैजनाथ हाम्रो अभियान, नागरिकको मुहारमा मुस्कान" लाई यस बजेटले पूर्ण रूपमा आत्मसात गरेको छ। यसै गरी राजनीतिक दलका नेतृत्वका सुझाव, विगतको अनुभव, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, स्थानीय सामुदायिक सङ्घ-संस्था, बुद्धिजीवी, सरोकारवाला निकाय र सञ्चारकर्मी लगायतका

क्षेत्रहरूबाट प्राप्त राय, परामर्श तथा रचनात्मक सुझावहरूलाई समेत यसमा समेटिएको छ।

४. यो बजेट सम्पूर्ण बैजनाथबासीको तीव्र विकासको उत्कृष्ट चाहना र भावनालाई समेट्दै सबै क्षेत्रको समन्यायिक विकासलाई दृष्टिगत गरी तयार पारिएको छ। बैजनाथ गाउँपालिकाले स्थापित गरेको गरिमालाई थप उचाइमा पुर्याउने र प्रत्येक नागरिकले स्थानीय सरकारको बलियो अभिभावकत्व महसुस गरी ओठमा मुस्कान ल्याउने गरी ल्याइएको यस बजेटले पालिकाभित्रका बहुआयामिक पक्षहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ।

५. वित्तीय संघीयता अनुरूप विभिन्न तह र निकायहरूबाट प्राप्त हुने अनुदान र राजस्वलाई प्राथमिकताकरण गरी बजेटका प्राथमिकता र उद्देश्य हासिल हुने कार्यक्रमहरूमा लगानी केन्द्रित गरिएको छ। यो लगानीबाट शैक्षिक क्षेत्रको सर्वाङ्गीण विकास, भौतिक पूर्वाधार र दिगो विकास, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिबी न्यूनीकरण र रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि गर्दै समग्र पालिकाको सन्तुलित विकास हासिल हुने अपेक्षा लिएका छौं।

६. यस बजेटमा बैजनाथ गाउँपालिकाको क्षेत्राधिकार भित्रका कर तथा गैरकर, राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ। निर्धारित समयमै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन गर्नको लागि सञ्चालित गाउँपालिकाका महत्त्वपूर्ण गौरवका योजनाहरूलाई आगामी आ.व.मा सम्पन्न तथा सञ्चालन गर्ने गरी प्राथमिकताका साथ बजेटको व्यवस्था मिलाईएको छ।

७. बजेटमार्फत रोजगारी सिर्जना गर्ने, आय-आर्जन बढाउने, अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, चालु खर्चमा मितव्ययिता ल्याउने र समृद्ध बैजनाथ गाउँपालिकाको जग बलियो बनाउने गरी बजेट प्रस्ताव गरिएको छ। यसैगरी मध्यमकालीन खर्च संरचना अनुरूप योजनाको प्राथमिकताकरण सहित स्रोतको सुनिश्चितता गरी बजेटलाई बढी वस्तुपरक र कार्यान्वयनयोग्य बनाइएको छ।

८. यस बजेटको सबल कार्यान्वयनले गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद् व्यवस्थापन, सेवा प्रवाह, स्थानीय न्याय निरूपण र सांस्कृतिक तथा मानवीय विकासमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्न चाहन्छु।

**आदरणीय सभाध्यक्षज्यू,**

९. आगामी आ.व. २०८३/०८४ को बजेट देहायका उद्देश्य प्राप्तिमा केन्द्रित रहनेछ। "समृद्ध बैजनाथ हाम्रो अभियान, नागरिकको मुहारमा मुस्कान" भन्ने लक्ष्य हासिल गर्नको लागि बलियो आधार तय गर्नु यस बजेटको मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्यहरू देहाय अनुसार रहेका छन्ः

- शिक्षा क्षेत्रमा लगानी गरी समग्र पालिकाको शिक्षाको सर्वाङ्गीण विकास र गुणस्तरमा वृद्धि गर्ने।
- सरल, सहज र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सबै बैजनाथबासीमा सुनिश्चित गर्ने।
- कृषि क्षेत्रमा विविधिकरण, यान्त्रिकरण तथा सिंचाईमा पहुँच सुनिस्चित गरी उत्पादकत्व वृद्धि मार्फत कृषिमा पूर्ण आत्मनिर्भर गाउँपालिका बनाउनु,
- उद्यमशीलताको विकास र नवप्रवर्तनमा आधारित योजनामार्फत रोजगारी सृजना गर्ने।
- वातावरण र विपद्का क्षेत्रमा लगानी वृद्धि गरी समुन्नत र सुरक्षित बैजनाथ निर्माण गर्ने।

१०. यस बजेटका प्राथमिकताहरू देहाय अनुसार रहेका छन्ः

- शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रको परिमाणात्मक र गुणात्मक अभिवृद्धि गर्ने।
- प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी गर्ने, उद्यमशीलता, रोजगारी, कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।
- वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम पहिचान तथा न्यूनीकरण गर्ने।
- सामाजिक क्षेत्रमा गुणात्मक सुधार, समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच कायम गर्ने।
- समतामूलक समाज र समावेशी विकासलाई अगाडि बढाउने।
- गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने।

११. बैजनाथ गाउँपालिकाले बजेटका उद्देश्यहरू हासिल गर्न र प्राथमिकता प्राप्त आयोजनाहरू कार्यान्वयन गर्न संघीय सरकार र लुम्बिनी प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्नेछ। पालिकामा उपलब्ध श्रम, सीप, पूँजी, क्षमता र ज्ञानको प्रभावकारी उपयोग गरी रोजगारी सिर्जना गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राखिनेछ।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म गत आ.व. २०८१/०८२ को यथार्थ आय र व्ययतर्फको संक्षिप्त विवरण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

१२. आ.ब. २०८१/०८२ का लागि बजेट रकम रु. ८३ करोड ३५ लाख २४ हजारको बजेट बिनियोजन भएको थियो। जसमध्ये चालुतर्फ ५३ करोड ६१ लाख ३७ हजार र पुँजीगततर्फ रु. २९ करोड ७३ लाख ८७ हजार खर्च अनुमान रहेको थियो।

१३. गाउँसभाबाट स्वीकृत बजेट अनुसार आ.व. २०८१/०८२ मा २५ करोड २ लाख ३ हजार पुँजीगत र ४५ करोड ३६ लाख ६५ हजार गरी जम्मा ७० करोड ३८ लाख ६९ हजार खर्च भएको ब्यहोरा यस सम्मानित सभालाई अवगत गराउन चाहन्छु।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म चालु आ.व. २०८२/०८३ को हालसम्मको यथार्थ आय र व्ययतर्फको संक्षिप्त विवरण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

१४. आ.ब. २०८२/०८३ का लागि बजेट रकम रु. ८९ करोड १० लाख ९१ हजारको बजेट प्रस्तुत गरिएको थियो। जसमध्ये चालुतर्फ ५४ करोड ५० लाख १९ हजार र पुँजीगततर्फ रु. ३४ करोड ६० लाख ७१ हजार खर्च अनुमान रहेको थियो।

१५. गाउँसभाबाट स्वीकृत बजेट अनुसार आ.व. २०८२/०८३ मा आन्तरिक राजस्व परिचालनतर्फ रु. ४ करोड ५० लाख लक्ष्य राखिएकोमा चालु आ.व.को ज्येष्ठ मसान्तसम्म सन्तोषजनक रूपमा राजस्व सङ्कलन भएको छ। वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने अनुदान रकम तथा स्थानीय सञ्चित कोषको परिचालन व्यवस्थित रूपमा भइरहेको ब्यहोरा यस सम्मानित सभालाई अवगत गराउन चाहन्छु।

१६. चालु आ.व.को ज्येष्ठ मसान्तसम्म समष्टिगत खर्च प्रगति पारदर्शी ढङ्गले सम्पादन गरिएको सम्मानित सभा लाई जानकारी गराउन चाहन्छु।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म आगामी आ.व. २०८३/०८४ का लागि बैजनाथ गाउँपालिकाको आम्दानीका स्रोतहरूको संक्षिप्त विवरण राख्न चाहन्छुः

संघिय समानीकरण रकम रु १५ करोड ६७ लाख

प्रदेश सरकार समानीकरण रु १ करोड ८ लाख ७३ हजार

संघिय सरकार सशर्त चालु रकम रु ३० करोड ५५ लाख
संघिय सरकार सशर्त पूजिगत रकम रु ७ करोड १७ लाख
प्रदेश सरकार सशर्त चालु रकम रु १० लाख
प्रदेश सरकार सशर्त  पुँजीगत रकम रु ८० लाख
संघीय सरकार विशेष अनुदान रकम रु २ करोड ४३ लाख
प्रदेश सरकार विशेष अनुदान रकम रु २० लाख
संघीय सरकार समपुरक अनुदान रकम रु. ३०  लाख
प्रदेश सरकार समपुरक अनुदान रकम रु. ७५ लाख
संघिय सरकार राजश्व रकम रु १४ करोड २४ लाख  ४० हजार
प्रदेश सरकार राजश्व रकम रु १ करोड ४१ लाख २७ हजार
आन्तरीक आय रु ५ करोड ५० लाख
घर जग्गा रजिस्ट्रेसन बापत मालपोत कार्यालयबाट प्राप्त हुने रकम करिब ४ करोड ७० लाख
वन रोयल्टी बापत २० लाख
ढुंगा, गिट्टी बालुवा लगायत प्राकृतिक स्रोतको बिक्रिबाट प्राप्त हुने आय ५० लाख
बैंक मौज्दात ७ करोड ६८ लाख २५ हजार ६३ रुपैया

गरी जम्मा रकम रु ९३ करोड २९ लाख ६५ हजार ६३ रुपैयाको बजेट अनुमान गरीएको छ | साथै अन्तरिक आय तर्फ अनुमान गरिएको बजेट रकम आर्थिक ऐन, २०८३ ले निर्धारण गरेका करबाट उठ्ने अपेक्षा गरिएको छ |

आदरणीय सभाध्यक्षज्यू, अब म आगामी आ.व. २०८३/०८४ को लागि क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**शिक्षा**

१७. सामुदायिक विद्यालयको शैक्षिक एवं भौतिक पूर्वाधार तथा शिक्षण सिकाइ उपलब्धिको लागि शैक्षिक सुधार कार्यक्रमलाई सार्थकता तुल्याउन बजेटको प्रबन्ध गरिएको छ। बैजनाथ गाउँपालिका अन्तर्गत रहेका सामुदायिक बिद्यालयहरुमा डिजिटल शिक्षाका प्रबिधिहरु ब्यबस्थापनका लागि संघीय बिशेष अनुदान स्रोतबाट १ करोड २ लाख ९९ हजार बजेट बिनियोजन गरिएको छ |

१८. शिक्षक दरवन्दी मिलानलाई निरन्तरता दिंदै रिक्त स्थानमा पालिका अनुदानबाट शिक्षक ब्यबस्थापनको लागि बजेटको व्यवस्था गरिएको छ |

१९. शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिने छन् | शिक्षक बैंक/स्वयम् सेवक शिक्षकहरुको सेवालाई निरन्तरता दिइने छ | यी कार्यका लागि प्रयाप्त बजेट ब्यबस्थापान गरिएको छ |

२०. बिद्यालय रंगरोगन कार्यक्रमलाई निरन्तरता दिइने छ | यसबाट बैजनाथ गाउँपालिका भित्रका सामुदायिक बिद्यालयहरुको पहिचान झल्किने बिश्वास लिइएको छ |

स्वास्थ्य

२१. बैजनाथ गाउँपालिकालाई "स्वस्थ नागरिक, समृद्ध बैजनाथ" बनाउँदै बैजनाथबासीको स्वास्थ्य सेवामा सहज र सरल पहुँच पुर्याउनका लागि विभिन्न सुधारोन्मुख एवं अभियानात्मक योजनाहरू सञ्चालन गरिनेछ।

२२. स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्ने कार्यलाई थप सुधार सहित निरन्तरता दिइने छ | आधारभूत मौलिक हकको कार्यान्वयन गर्न स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी सुखी र खुसी बैजनाथ बासीको सपना पुरा गर्न चालु आ ब मा संचालित एम्बुलेन्स सेवा, ल्याब परिक्षण सेवा र बिद्यालय नर्सिङ सेवालाई निरन्तरता दिइएको छ । सोको लागि आवश्यक बजेटको ब्यबस्थापन गरीएको छ |

२३. बैजनाथ गाउँपालिका भित्रका राजमार्गमा दुर्घटना परेका व्यक्ति, बिपन्न परिवारका बिरामी तथा सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा सुनिस्चित गरीएको छ |

२४. प्राथमिक स्वास्थ्य सेवा केन्द्र, बनकटवामा रही संचालन गर्ने गरी सवबाहन खरिदका लागि ब्यबस्था मिलाईको छ | साथै उक्त केन्द्रमा रहेको एम्बुलेन्स मर्मत संचलनमा ल्याइने छ |

२५. नेपाल सरकारले तोकेका निशुल्क औषधीहरुको व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरीएको छ ।

२६. बिपन्न परिवार, जेष्ठ नागरिक, महिला तथा बालबालिकाहरुलाई बिशेषज्ञ सेवा, शिविर मार्फत स्वास्थ्य सेवा प्रदान गरिने छ | HIV/AIDS संक्रमित बिरामीहरुको लागि पोषण प्याकेज, ARV Dispensing Center को स्थापना तथा संचालन गरिने छ | हाम्रा स्वास्थ्यचौकीमा रहेका प्रयोगशाला सेवाको स्तरउन्नत गरी थप सेवा प्रदान गर्न आवश्यक सामग्री तथा उपकरणको ब्यबस्थापन गरिने छ |

२७. गरिव तथा बिपन्न परिवारका सदस्यहरुका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम संचालन गरिने छ | यस कार्यका लागि ६ लाख बजेट बिनियोजन गरिएको छ |

समग्रमा “स्वास्थ्य नागरिक, सम्बृद्ध बैजनाथ” भन्ने नारालाई सफल तुल्याउन स्वास्थ्य क्षेत्रमा प्रयाप्त बजेट सुनिस्चित गरिएको छ |

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

२८. महिला, बालबालिका, ज्येष्ठ नागरिक, जातीय विभेद न्यूनीकरण, लैङ्गिक हिंसा न्यूनीकरण, समतामूलक समाज निर्माण तथा क्षेत्रगत जनसाङ्ख्यिक संरचना र सम्बन्धित वर्ग र समुदायको आवश्यकता अनुसार सामाजिक सुरक्षा, सीप विकास, आय-आर्जन, लैङ्गिक मैत्री गाउँपालिका निर्माण, उद्यमशील गाउँ, क्षमता विकास तथा सीप विकास तालिम लगायतका कार्यक्रममा आवश्यक बजेट विनियोजन गरिएको छ।

२९. एकल बिदुर र ग-बर्गको अपांगता भएका व्यक्तिहरुको लागि आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइएको छ| अपांगता भएका व्यक्तिहरुका लागि सहायक सामग्री वितरण गरिने छ | डिजिटल अपांगता परिचयपत्र वितरण शिविरलाई निरन्तरता दिईएको छ | अपाङ्गता सम्बन्धि बिबिध कार्यक्रम संचालनका लागि बजेट ब्यबस्थापन गरिएको छ |

३०. लक्षित बर्गका लागि दिइदै आएका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ | यस्ता कार्यक्रम सम्बन्धित समुदाय तथा बर्गको आबश्यकता अनुसार निजहरु मार्फत नै कार्यान्वयन हुने हुँदा सम्बन्धित बर्ग तथा समुदायले यसबाट अपनत्व लिई प्रतिफल हँसिल गर्न सक्ने अपेक्षा गरिएको छ |

३१. किशोर-किशोरीसंग उपाध्यक्ष कार्यक्रम संचालनमा ल्याइने छ | धार्मिक, सांस्कृतिक एवम् मानव मर्यादा सहित विभेदमुक्त पालिका निर्माण गर्नका लागि विभिन्न सामाजिक रूपान्तरण र जागरणका कार्यक्रमका लागि बजेटको व्यवस्था गरिएको छ।

**युवा तथा खेलकूद**

३२. युवामैत्री स्थानीय शासन, विभिन्न विधाका खेलकुद आयोजना गर्ने र खेलकुद पूर्वाधार निर्माण, बेरोजगार युवालाई सीप विकासका कार्यक्रमहरु लगायतका कार्यक्रमहरु गरिने छ। यस अन्तर्गत बैजनाथ गोल्डकप प्रतिगोगिता संचालन गर्न २० लाख बिनियोजन गरिएको छ |

**आर्थिक तथा कृषि विकास**

३३. "समृद्ध बैजनाथ हाम्रो अभियान, नागरिकको मुहारमा मुस्कान" भन्ने मूल मर्मलाई आत्मसात

गर्दै यस वर्षको बजेटमा कृषि तथा पशुपन्छी क्षेत्रलाई मुख्य आर्थिक खम्बाको रूपमा विशेष प्राथमिकतामा राखिएको छ। कृषिमा पूर्ण आत्मनिर्भर गाउँपालिका बनाउन तथा उत्पादकत्व वृद्धिका लागि रणनीतिक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३४. पालिका अन्तर्गतका समग्र कृषकहरुको समस्यालाई ध्यानमा राखी कृषिमा विविधिकरण, यान्त्रिकरण तथा सिंचाईमा पहुँच र कृषिलाई मर्यादित पेशा बनाई आत्मनिर्भर बनाउने, रोजगारी सिर्जना तथा गरीबी निवारणमा सहयोग गर्ने लक्ष्य सहित किसानसँग पालिका प्रमुख कार्यक्रमलाई निरन्तरता दिन बजेट बिनियोजन गरीएको छ ।

३५. पशु खोप कार्यक्रम, पशु स्वास्थ्य उपचार तथा औषधि वितरण कार्य, विभिन्न पशु स्वास्थ्य शिविर संचालन लगायतका विभिन्न पशु स्वास्थ्य तथा सेवा सम्बन्धि कार्यक्रम संचालन गर्न उचित बजेट बिनियोजन गरिएको छ |

३६. सुत्केरी पशु स्याहार कार्यक्रमलाई निरन्तरता दिइएको छ | नश्ल सुधारको लागि उन्नत जातको बोकामा अनुदान, बिपन्न बर्गका किसान परिवारलाई स्थानीय कुखुराको चल्ला वितरण, माछा पोखरी मर्मत सुधार कार्यक्रम लगायतका पशु पन्छी तथा मत्स्य बिकासका कार्यक्रमहरु संचालन गरिने छ |

३७. बैजनाथका कृषकहरूलाई व्यावसायिक बनाउन र उत्पादन लागत घटाउन कृषि यन्त्रीकरण ( मिनी तथा पावर टिलर, विद्युतीय चारा मेसिन, कृषि औजार- ट्रली, आलु रोप्ने मेसिन, आलुको ड्याङ बनाउने मेसिन आदि) र आधुनिक सिंचाई कार्यक्रमहरू (डिप बोरिङ, स्यालो बोरिङ, मोटर तथा पम्पसेट सिंचाई प्रविधि) मा ७०% सम्मको विशेष अनुदानको व्यवस्थालाई यो आर्थिक वर्षमा पनि विशेष प्राथमिकताका साथ सुनिश्चित गरिएको छ। साथै ब्यबसायिक किसान, कृषि फर्म, समुह र सहकारीहरुलाई कृषि, पशु तथा सिंचाईका क्षेत्रमा यन्त्र, उपकरण तथा औजार अनुदानमा वितरण गरिने छ | यस कार्यको लागि संघीय बिशेष अनुदान स्रोतबाट १ करोड ४० लाख बजेट बिनियोजन गरिएको छ |

३८. धान, गहुँ, मकै, आलु लगायतका खाद्यान्न बालीको उन्नत बीउमा साविकको अनुदानलाई निरन्तरता दिदै आवश्यक बजेटको व्यवस्था मिलाईएको छ।

## पर्यटन, घरेलु उद्योग तथा सहकारी

३९. बैजनाथ गाउँपालिकालाइ पर्यटन हवको रुपमा विकास गर्न आवश्यक पहल गरीने छ। समानुपातिक, समाबेशी, सहभागितामुलक विकास निर्माण कार्य गर्नको लागि जैविक

बिबिधता, पर्यापर्यटन र दिगोबिकसको नीति अबलम्बन गरी आवश्यक कार्यक्रम तय गरिने छ | यस क्षेत्रको पर्यटन र रैथाने कला-संस्कृति प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

४०. च्यामा नमुना थारुगाउँ संचालन तथा ब्यबस्थापनका लागि प्रयाप्त बजेट छुट्याईएको छ |

४१. पालिका भित्र रहेका सहकारीहरुको संरक्षण सम्बर्धन तथा विकास गरीने छ । यिनीहरुसंग सहकार्य तथा साझेदारी मार्फत कार्यक्रम संचालन गरीने छ । सहकारी क्षेत्रको विकासको लागि आवश्यक तालिमहरु तथा अन्य कार्यक्रमको लागि समेत आवश्यक बजेट छुट्याइएको छ ।

४२. यस गाउँपालिका अन्तर्गतका उद्योग ब्यबसायहरु तथा बजार क्षेत्रको अनुगमन तथा नियमन गरीने छ । उपभोक्ता अधिकारको सुनिस्चितताको लागि बजार अनुगमन तथा नियमन प्रभावकारी बनाईने छ | ब्यबसाय दर्ता अभियान संचालन, साना तथा घरेलु उद्योगहरुलाई प्रोत्साहन लगायतका कार्यक्रम संचालन गरिने छन् | उल्लेखित कार्यहरुको लागि आवश्यक बजेट छुट्याएको छ |

**श्रम तथा रोजगार :**

४३. बैजनाथ गाउँपालिका क्षेत्रभित्रका बेरोजगार युवाहरुलाई मध्यनजर गर्दै स्थानीय रोजगारी तथा स्वरोजगारीको क्षेत्र प्रबर्द्धनमा जोड दिईने छ | यस क्षेत्रका १८ देखि ५९ बर्ष उमेर समुहका सुचिकृत बेरोजगारलाई न्युनतम रोजगारीको सुनिस्चितता गर्न संघीय सरकारबाट प्राप्त अनुदानमा सोहि बराबरको रकम बिनियोजन गरी न्युनतम रोजगारीका आयोजनाहरु संचलन गर्ने ब्यबस्था गरिएको छ |

४४. यस क्षेत्रका युवाहरुलाई स्वरोजगारको अवसर प्रदान गर्न तथा आन्तरिक रोजगारी प्रबर्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि उद्यमशिलता प्रबर्धन कार्यक्रम संचालन, माद्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि क्यारीअर काउन्सिलिङ गर्न, बेरोजगार युवाहरुका लागि सीपमुलक तालिम कार्यक्रम संचालन लगायतका क्रियाकलापहरुको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ |

४५. बैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्ति, बैदेशिक रोजगारीमा गएका व्यक्ति र तिनका परिवारलाई बैदेशिक रोजगारीको आवश्यक जानकारी प्रदान गर्न, कल्याणकारी सेवाको बारेमा जानकारी प्रदान गर्न र बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुनः एकीकरण कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरीएको छ |

४६. बैदेशिक रोजगारीमा रहेका व्यक्तिका घर परिवारलाई दिदै आएको मनोसामाजिक परामर्श सेवा तथा वित्तीय साक्षरता कक्षाहरुलाई अझ प्रभावकारी रुपमा संचालन गर्ने हेतु समुदाय स्तरमा र विद्यालयका विद्यार्थीहरुलाई उल्लेखित शिक्षा प्रदान/ अभिमुखीकरण गर्ने आदि कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ |

४७. उपाध्यक्षसंग स्वरोजगार कार्यक्रम' आवश्यक कनुन निर्माण गरी संचालनमा ल्याइने छ | यसबाट बेरोजगार युवाहरु स्वरोजगार क्षेत्रमा जोडिने अपेक्षा गरिएको छ |
समग्रमा आर्थिक विकास क्षेत्रमा नवीन र रूपान्तरणकारी योजनाहरू तय गरिएको छ।

## भौतिक पूर्वाधार तर्फ

४८. प्रत्येक वडामा बहु बर्षिय रुपमा कार्यान्वयन हुने गरी एक/एक वटा गौरबका आयोजना संचालन गरिने छ | यस कार्यको लागि यस बर्ष आबश्यक हुने स्रोत सुनिस्चित गरिएको छ |

४९. गाउँपालिकाको भौतिक पूर्वाधार र दिगो विकासका लागि सङ्घ तथा प्रदेशसँगको सहकार्य, समन्वय र साझेदारीमा गाउँपालिका क्षेत्रभित्रका भौतिक पूर्वाधार, सडक, नाली तथा भवनहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ। यसका लागि आवश्यक बजेट प्रस्ताव गरिएको छ।

५०. सम्पन्न हुन बाँकी सडक, भवन लगायतका पूर्वाधारका संरचना सम्पन्न गर्न बजेट व्यवस्था गरिएको छ।

५१. न्युनतम बजेट अनुदान, जनसंख्या, भूगोल र राजश्वको आधारमा वडाहरुमा ६०% बजेट कायम गरी प्रत्येक वडालाई बजेट बांडफांड गरीएको छ। न्युनतम अनुदान प्राप्त गर्ने बजेटलाई ५० प्रतिशत कायम गरी बाँकि रहेको बजेटलाई जनसंख्याको आधारमा ४० प्रतिशत, भूगोलको आधारमा ४० प्रतिशत र राजश्वको आधारमा २० प्रतिशत बजेट कायम गरी बजेट बिनियोजन गरीएको छ ।

५२. प्रत्येक वडाबाट तोकिएको सिमा भित्र पूर्वाधार सम्बन्धि योजना छनौट गर्ने गरी दिइएको निर्देशन अनुरुप बजेट तथा कार्यक्रम तर्जुमा समितिले प्रत्येक वडाको सिफारिसमा पुर्बाधार योजनाहरुको छनौट गरेको छ । वडागत पुर्बाधार विकास तर्फ रु ५ करोड बजेट बिनियोजन गरीएको छ |

५३. सडकको नियमित मर्मत-सम्भार गर्न र सडकलाई खाल्डाखुल्डी मुक्त बनाउन यस वर्ष पनि गाउँपालिका तथा वडा स्तरीय मर्मत सम्भार कोष परिचालनका लागि बजेट विनियोजन गरिएको छ। समग्रमा पूर्वाधार विकास क्षेत्रलाई विशेष जोड दिइएको छ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

५४. बैजनाथ गाउँपालिकालाई सुरक्षित, समुन्नत र वातावरणमैत्री बनाउन विभिन्न सौन्दर्यीकरण, हरियाली प्रवर्द्धन, उज्यालो बैजनाथ अभियान, नदी कटान तथा बाढी नियन्त्रणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

५५. "ऊर्जा खपत गरौं, देशको समृद्धिमा हातेमालो गरौं" अभियानलाई सार्थकता तुल्याउन विद्युतीय तथा सुधारिएको चुलो वितरण गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ। साथै जैविक ग्याँसको प्रयोग मार्फत आयातित इन्धनको खपत घटाउन गोवर ग्याँस संरचना निर्माणमा अनुदान दिइने छ | यस्ता कार्य गर्न ५ लाख बजेट व्यवस्था गरिएको छ |

५६. विपद जोखिम न्यूनीकरणका लागि बिमा कार्यक्रम संचालन गर्न आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिने छ | यसका लागि ५ लाख बजेट बिनियोजन गरिएको छ |

५७.

## भूमिहीन सुकुम्वासी तथा अव्यबस्थित बसोबासी

५७. भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यबस्थित बसोबासीहरुलाई ब्यबस्थित गर्नको लागी आवश्यक बजेट बिनियोजन गरीएको छ । यसबाट बैजनाथ गाउपालिका भित्र रहेका नागरीकहरुको स्वामित्व बोध हुने गरी जग्गा नाप नक्सा भइ जग्गा प्राप्ती कार्यमा सहजता हुने अपेक्षा गरीएको छ ।

५८. औधोगिक क्षेत्रको बस्ति ब्यबस्थापनमा सहजीकरण भूमिका निर्वाह गर्नु पर्ने भएकोले पालिकाबाट तत्काल समन्वय गर्न आबश्यक परेमा संघ र प्रदेश सरकार तथा अन्य सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक पहल गर्न बजेटको व्यवस्था गरीएको छ |

## कानुन तथा न्याय

५९. नियमित न्याय सम्पादन कार्यका लागि आवश्यक बैठक ब्यबस्थापन, यातायात तथा संचार खर्च, कर्मचारी ब्यबस्थापन आदि कार्यको लागि बजेट ब्यबस्थापन गरिएको छ |

६०. मेलमिलापकर्ताहरुलाई हाल प्रचलनमा रहेको अद्यावधिक कानुनी प्राबधानहरुको बारेमा जानकारी गराउने तथा न्याय सम्पादन कार्यमा सहजीकरण लगायतका बिषयमा अभिमुखीकरण गरिने छ | सोको लागि आवश्यक बजेट छुट्याईएको छ |

६१. न्याय सम्पादनलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्यक्रमहरु तय गरिने छ |

**सार्वजनिक सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास**

६२. कर्मचारीहरूको क्षमता विकास तथा स्थानीय सञ्चार क्षेत्रको विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। समग्रमा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा उचित बजेट विनियोजन गरिएको छ।

६३. संघीय सरकारले तोके अनुसारको कर्मचारीहरुको सुरु स्केलमा १०(दश) प्रतिशत र वृद्धि भई हुन आउने रकममा थप १०(दश) प्रतिशत प्रोत्साहन रकम थप गरी बैजनाथ गाउँपालिका अन्तर्गतका सबै कर्मचारीहरुलाई उपलब्ध गराउन स्रोत सुनिस्चितता गरिएको छ | गाउँपालिकामा कार्यरत सबै करार कर्मचारीहरुलाई मासिक रु. ५००० का दरले महंगी भत्ता उपलब्ध गराउन बजेटको प्रबन्ध गरिएको छ। समान स्तरका कर्मचारीको तलब तथा सेवा सुबिधा मिलान गरिने छ |

६४. कार्यसम्पादनमा आधारित अतिरिक्त समयमा कामकाज गर्ने कर्मचारीलाई अतिरिक्त भत्ता उपलब्ध गराउन नीतिगत व्यवस्था गरिने छ | यस कार्यका लागि स्रोत सुनिस्चित गरिएको छ |

**आदरणीय सभाध्यक्ष ज्यू,**

६५. यसरी समग्रमा बैजनाथ गाउँपालिकाको आ.व. २०८३/०८४ को कुल बजेटको आकारलाई सन्तुलित र जनमुखी बनाउने गरी प्रस्ताव गरिएको छ। पूँजीगत खर्च र चालु खर्चको सन्तुलन मिलाई बजेटलाई परिणाममुखी बनाउन अधिकतम प्रयत्न गरिएको छ।

६६. आज प्रस्तुत भएको बजेटको कार्यान्वयनबाट हाम्रो दृढ संकल्प "समृद्ध बैजनाथ हाम्रो अभियान, नागरिकको मुहारमा मुस्कान" को लक्ष्यले मूर्तरूप लिनेछ भन्ने विश्वास लिएका छौं । यसबाट सम्पूर्ण बैजनाथबासीको जीवनस्तरमा प्रत्यक्ष रूपमा गुणात्मक परिवर्तन आउनेछ र बैजनाथ गाउँपालिकाको प्रभावकारिता अभिवृद्धि भई नागरिकहरूले स्थानीय सरकारको सबल र उत्तरदायी उपस्थिति महसुस गर्नेछन्। प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आम बैजनाथबासी र सरोकारवाला सम्पूर्ण महानुभावहरूबाट रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

६७. अन्तमा, यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने बैजनाथ गाउँपालिकाका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजकहरू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, सम्पूर्ण

राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीवी, नागरिक समाजका अगुवा, सङ्घ-संस्था, निजी क्षेत्र, सञ्चारकर्मी लगायत सम्पूर्ण आदरणीय बैजनाथबासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यसै साथ बैजनाथ गाउँपालिकाको आर्थिक ऐन, २०८३ र बिनियोजन ऐन, २०८३ पेश गरिएका छन्

धन्यवाद !

उपाध्यक्ष
बैजनाथ गाउँपालिका, रामपुर, बाँके
मितिः २०८३/०३/०९ गते